बैठक संख्या- १४ मिति:२०६२।०३।२२
बेलुका-

आज मिति २०६२।३।२२ गते बुधवारका दिन धरान उपमहा नगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलका निर्णयहरु गरियो।

उपस्थिति

श्री टीकादत्त राई- कार्यकारी अधिकृत- धरान उपमहा नगरपालिका

अन्य उपस्थिति:

श्री गणेशप्रसाद खतिवडा - व- प्रशासकिय अधिकृत

श्री खगेन्द्रप्रसाद खतिवडा- व- कर अधिकृत

श्री- सुरज श्रेष्ठ - व- इन्जिनियर

श्री- रमेश शाह - - व- आ-ले-प-

श्री- मेघराज अधिकारी - व- लेखा अधिकृत

श्री राजु पोखरेल - इन्जिनियर

श्री- सुशील नेपाल - सा-वि- अधिकृत

निर्णय:

निर्णय नं-(१) - आ-व- २०६३।६४ को नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा: यस उपमहा नगरपालिका कार्यालयको आ- व- ~~२०६३~~ २०६३।६४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने प्रयोजनको लागि धरान उप-महानगर पालिकाको सम्पूर्ण वडाहरुमा भएका वडाभेलाबाट छनौट र वडा समिति तथा वडा नागरिक मञ्चको सम्लग्नतामा ~~प्राथमीकिरण~~ प्राथमिकीकरण भई आएका नीति तथा कार्यक्रमहरु एकीकृत योजना तर्जुमा समितिमा पेशभई सो समितिले छलफल तथा ~~प्राथमी~~ प्राथमिकीकरण (२०६२।३।२२ ~~सम्मका~~) गरी पेश भएको सम्पूर्ण नीति तथा कार्यक्रम र योजना पास गरी अनुमोदनका लागि नगर परिषदमा पेश गर्ने निर्णय गरीयो। प्रस्तावित नीति तथा कार्यक्रम बजेटलाई यसै माइन्युटमा हाँस गरी प्रमाणित गरिएको छ।

निर्णय नं-२ - विपत जोखिम व्यवस्थापन योजना २०६० सम्बन्धमा:- धरान उपमहा नगरपालिकाले भुकम्प प्रविधि राष्ट्रिय समाज- नेपाल (एनसेट) को प्राविधिक सहयोगमा तयार गरिएको "विपत जोखिम व्यवस्थापन योजना २०६०" आगामी आ-व- २०६३।६४ को नगरपरिषदबाट अनुमोदन गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं.३ - नगर यातायात गुरुयोजना सम्बन्धमा:- धरान उपमहानगरपालिकाले यस क्षेत्रको "नगर यातायात गुरु योजना (Municipality Transportation Master Plan of Dharan- Sub- Metropolitan City)" को प्रतिवेदन प्राप्त भयो, साथै उक्त प्रतिवेदन आगामी आ.व. ०७३।७४को नगर परिषदबाट अनुमोदन गर्ने गरी स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं.४- कार्य विवरण संशोधन सम्बन्धमा:- यस कार्यालयको बोर्डको मिति २०७२।०५।०३ को बैठकबाट स्वीकृत धरान खानेपानी व्यवस्थापन बोर्ड अनुगमन समितिको कार्य विवरणमा व्यवस्था भएको केही प्रावधानहरुमा संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो। संशोधित प्रावधानहरु यसै माइन्युटमा टाँस गरी प्रमाणित गरिएको छ।

निर्णय नं.५ - तला थपको नक्सा पास सम्बन्धमा- नेपाल सरकारबाट पारित "बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत मार्गदर्शन २०७२ तथा बस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत मार्गदर्शन २०७२" मा साविक नक्सापास भइ सकेको भवनमा तला थप गर्ने विषयमा स्पष्टसँग उल्लेख नभएको हुंदा साथै एउटा सेटब्याक र ग्राउण्ड कभरेजमा ~~स्विकृत~~ स्विकृत भई निर्माण भइ सकेको भवनमा नयाँ सेटब्याक र ग्राउण्ड कभरेजमा तला थपगर्ने प्राविधिक रुपबाट समेत कठिनाइ हुन गई भवनलाई ~~भन~~ कमजोर बनाउन सक्ने स्थिति देखिएको हुनाले भवनको प्रकृति हेरी परामर्शदाता इन्जिनियर, स्ट्रक्चरल, भुकम्प इन्जिनियरबाट साविक भवनमा तला थपगर्ने प्राविधिक रुपमा नेपाल राष्ट्रिय भवन निर्माण संहिता २०६० को भावना विपरित नहुने भनी सिफारिस भएमा साविक भवनको नक्सा पास हुँदा बखतको सेटब्याक र ग्राउण्ड कभरेज मुताबिक नै नक्सापास गर्ने निर्णय गरियो।